# चिलिमे जलविद्युत कम्पनी लिमिटेड

बिक्रम सम्बत् २०८० पौष २० गते शुक्रवार (५ जनवरी २०२४) का दिन राष्ट्रिय सभागृह, भृकुटिमण्डप, काठमाडौंमा सम्पन्न भएको
सत्ताइसौं वार्षिक साधारण सभाको निर्णय पुस्तिका।

## १. पृष्ठभूमी

चिलिमे जलविद्युत कम्पनी लिमिटेडको सत्ताइसौं वार्षिक साधारण सभा मिति २०८० पौष २० गते शुक्रवार (५ जनवरी २०२४) का दिन राष्ट्रिय सभागृह, भृकुटिमण्डप, काठमाडौंमा सम्पन्न भएको थियो। सञ्चालक समितिका सदस्यहरु तोकिएको सभा कक्षमा उपस्थित भई सभा सञ्चालन गरिएको थियो। कम्पनी सचिवले साधारण सभामा सहभागी हुन कम्पनीमा उपस्थित सञ्चालक समितिका अध्यक्ष, सदस्यहरु, शेयरधनीहरु तथा कम्पनीका पदाधिकारीहरु एवं सभामा सहभागी भएका शेयरधनीहरुलाई यथास्थानमा आसन ग्रहण गर्न अनुरोध गर्नुका साथै सबैलाई सत्ताइसौं वार्षिक साधारण सभामा हार्दिक स्वागत गर्नु भएको थियो। साधारण सभाको अध्यक्षता कम्पनीको सञ्चालक समितिका अध्यक्ष श्री कुलमान घिसिङले गर्नुभएको थियो। अध्यक्षको अनुमति र शेयरधनीहरुको सहमती पश्चात् सभा सञ्चालन भएको थियो। साधारण सभामा अध्यक्षले सञ्चालक समितिको तर्फबाट तयार गरिएको आ.व.२०७९/०८० को वार्षिक प्रतिवेदन प्रस्तुत गर्नुभएको थियो। तत्पश्चात् साधारण सभामा छलफलका लागि निर्धारित विषयहरु उपर छलफल गरी निर्णय भएको थियो। साधारण सभा विहान ११:०० बजे शुरु भई निर्धारित बिषय सूची अनुसारका विषयमा छलफल तथा निर्णय गरी दिनको १:३० बजे समापन भएको थियो। नियिमित वार्षिक साधरण सभाका पुर्वनिर्धारित कार्यक्रमहरू सम्पन्न भएपश्चात् एक जना महिला सहित चार जना सञ्चालकहरूको निर्वाचन गर्नु पर्ने भएकोले निर्वाचन अधिकृतलाई जिम्मेवारी दिईएको र निर्वाचन अधिकृतले निर्वाचनको प्रकृया अगाडि बढाउनु भएको थियो।

### (क) सभाको सूचना तथा प्रकाशनः

(अ) सत्ताइसौं वार्षिक साधारण सभाको सूचना, २०८० साल आषाढ मसान्तको वासलात र आ.व.२०७९/८० को नाफा/नोक्सान हिसाब तथा नगद प्रवाह विवरण सहितको आर्थिक विवरण र वार्षिक प्रतिवेदन कम्पनीको वेभसाइट **www.chilime.com.np** मा राखी सबै शेयरधनीहरुलाई जानकारी गराइएको थियो।

(आ) सत्ताइसौं वार्षिक साधारण सभाको सूचना मिति २०८०/०८/२६ गतेको आर्थिक अभियान पत्रिका राष्ट्रिय दैनिकमा प्रकाशित गरिएको थियो।

### (ख) उपस्थितिः

अ. सञ्चालकहरूको उपस्थितिः

| | | | |
|---|---|---|---|
| १) | श्री कुलमान घिसिङ | सञ्चालक | प्रतिनिधि, नेपाल विद्युत प्राधिकरण |
| २) | श्री रामजी भण्डारी | सञ्चालक | प्रतिनिधि, नेपाल विद्युत प्राधिकरण |
| ३) | श्री लोकहरी लुईंटेल | सञ्चालक | प्रतिनिधि, नेपाल विद्युत प्राधिकरण |

| | | | |
|---|---|---|---|
| ४) | श्री प्रदिप कुमार थिके | सञ्चालक | प्रतिनिधि, नेपाल विद्युत प्राधिकरण |
| ५) | श्री सुभाष कुमार मिश्र | सञ्चालक | प्रतिनिधि, नेपाल विद्युत प्राधिकरण |
| ६) | श्री तुलसी राम ढकाल | सञ्चालक | प्रतिनिधि, सर्वसाधारण समूह |
| ७) | श्री भीम प्रसाद तिमल्सिना | सञ्चालक | प्रतिनिधि, सर्वसाधारण समूह |
| ८) | श्री राम प्रसाद रिमाल | सञ्चालक | प्रतिनिधि, सर्वसाधारण समूह |
| ९) | श्री शान्ति लक्ष्मी शाक्य | सञ्चालक | प्रतिनिधि, सर्वसाधारण (महिला) समूह |
| १०) | श्री सुमन प्रसाद शर्मा | सञ्चालक | स्वतन्त्र सञ्चालक |
| ११) | डा. श्री जगत कुमार श्रेष्ठ | सञ्चालक | स्वतन्त्र, सञ्चालक (अनुपस्थित) |

**आ. <u>पदाधिकारीको उपस्थिति</u>**

१) श्री नारायण प्रसाद आचार्य कम्पनी सचिव चिलिमे ज.वि.कं.लि.

**इ. <u>शेयरधनीहरुको उपस्थिति:</u>**

१) स्वंय उपस्थिति ३११ जना।

२) प्रतिनिधिद्वारा उपस्थित १ जना।

**(ग) <u>सभामा छलफलका लागि प्रस्ताव गरिएका विषयहरु:</u>**

साधारण सभामा निम्न विषयहरु छलफल तथा निर्णयका लागि प्रस्तुत गरिएका थिए:

१. सञ्चालक समितिको आ.व. २०७९/०८० को वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने वारे।

२. लेखापरीक्षकको प्रतिवेदन सहित २०८० साल आषाढ मसान्तको वासलात र आ.व. २०७९/०८० को नाफा/(नोक्सान) हिसाव तथा नगदप्रवाह विवरण (सम्बद्ध अनुसूचीहरू समेत) उपर छलफल गरी पारित गर्ने वारे।

३. आ.व. २०८०/०८१ को लागि लेखापरीक्षकको नियुक्ति तथा निजको पारिश्रमिक निर्धारण गर्ने वारे।

४. सञ्चालक समितिबाट सिफारिश भए बमोजिम साधारण सभा गर्दाको मितिमा कायम रहेको चुक्ता पूँजीको आधारमा आ.व. २०७९/०८० सम्मको सञ्चित मुनाफाबाट ५% नगद लाभांश वापत रू.३६,२९,०८,९६३/७९ (नियमानुसार सेयरधनीले तिर्नु पर्ने कर समेत) बितरण गर्ने स्वीकृतिको लागि प्रस्ताव गरिएको।

५. विशेष प्रस्ताव:

(क) कम्पनीको प्रबन्ध पत्र तथा नियमावलीमा संशोधन गर्ने बारे।

(ख) सञ्चालक समितिबाट सिफारिश भए बमोजिम आ.व. २०७९/०८० असार मसान्तको चुक्ता पूँजीको १०% ले हुन आउने रकम रू.७२,५८,१७,९२७/५९ वरावरको वोनश शेयर आ.व. २०७९/०८० असार मसान्तको सञ्चित मुनाफाबाट बितरण गर्ने स्वीकृति बारे।

६. सञ्चालक समितिका सदस्यहरुको सुविधा सम्वन्धमा।

७. सञ्चालक समितिमा रहने दुई जना स्वतन्त्र सञ्चालकको नियुक्ति/निर्वाचन गर्ने बारे।

८. सर्वसाधारण समुह (समुह 'ख') बाट प्रतिनिधित्व गर्ने एक जना महिला सहित चार जना सञ्चालकको निर्वाचन सम्वन्धमा।

९. विविध।

(घ) **गणपुरक संख्या तथा शेयर संख्याको प्रतिनिधित्व**

| विवरण | निष्काशित शेयर र शेयरधनी | स्वयं उपस्थिति | प्रतिनिधिबाट उपस्थीत | जम्मा उपस्थिति | शेयरको अनुपातमा प्रतिनिधित्वको उपस्थितिको प्रतिशत |
|---|---|---|---|---|---|
| शेयर कित्ता संख्या | ७२,५८१,७९३ | १,७६२,६१५ | ३७,०१६,७१४ | ३८,७७९,३२९ | ५३.४३ |
| शेयरधनी संख्या | ८८,२०६ | ३११ | १ | ३१२ | ०.३५ |

कम्पनी ऐन, २०६३ को दफा ७३ बमोजिम गणपुरक संख्या पुगेको।

## २. सभाको वैधानिकता:

साधारण सभा सञ्चालन गर्नको लागि कम्पनी ऐन, २०६३ तथा कम्पनीको नियमावलीमा भएको ब्यवस्था अनुसारको गणपुरक संख्या पुगेको कुरा जानकारी गराउँदै सभा प्रारम्भ गर्न अनुमति माग गर्दा उपस्थित शेयरधनीहरुको सभाबाट गणपुरक संख्या पुगेको र सभा रितपूर्वक बोलाइएको ठहर गरी विधिवत रुपमा बैठक सञ्चालन गर्ने निर्णय भयो । यस वार्षिक साधारण सभाको अध्यक्षता कम्पनीको सञ्चालक समितिका अध्यक्ष श्री कुलमान घिसिङले गर्नु हुने कुरा पनि सभामा जानकारी गराईयो । त्यसपछि विषयसूची अनुसार सभाको कार्यक्रम प्रारम्भ भयो।

## ३. सभा सञ्चालन तथा प्रस्ताव उपर छलफल:

विषयसूची अनुसार साधारण सभाको कार्यक्रम सञ्चालन भएपछि सञ्चालक समितिका अध्यक्ष श्री कुलमान घिसिङलाई कम्पनीको वार्षिक प्रतिवेदन सभा समक्ष प्रस्तुत गर्न अनुरोध गरियो । तत्पश्चात् अध्यक्षले सञ्चालक समितिका तर्फबाट आ.व.२०७९/०८० को वार्षिक प्रतिवेदन साधारण सभा समक्ष प्रस्तुत गर्नुभयो।

सभाको सभापतित्व गर्नु भएका सञ्चालक समितिका अध्यक्ष श्री कुलमान घिसिङको कार्यव्यस्तताका कारण सञ्चालक समितिको तर्फबाट तयार गरिएको संक्षिप्त प्रतिवेदन वाचन पश्चात् स्वतन्त्र सञ्चालक श्री सुमन प्रसाद शर्मालाई अध्यक्षता गरिदिन र शेयरधनिहरूको जिज्ञासाहरूको जवाफ दिनका लागि कम्पनिका प्रवन्ध सञ्चालकलाई निर्देशन दिएर सभाबाट वाहिरिनु भएको र निजको निर्देशन अनुसार सभा अगाडि बढेको थियो।

अध्यक्षबाट वार्षिक प्रतिवेदन प्रस्तुत भएपछि सो प्रतिवेदन तथा शेयरधनीहरुलाई उपलब्ध गराइएको लेखापरीक्षण प्रतिवेदन सहितको आ.व.२०७९/०८० को आर्थिक विवरणमा (२०८० साल आषाढ मसान्तको वासलात तथा आ.व.२०७९/०८० को नाफा/(नोक्सान) हिसाब र नगद प्रवाह विवरण समेत) मा आफ्नो राय, प्रतिक्रिया तथा सुझाव राख्न तथा सो सम्बन्धमा छलफल गर्न शेयरधनीहरुलाई अनुरोध गरिएकोमा निम्न सेयरधनीहरुले निम्नानुसारको राय, प्रतिक्रिया तथा सुझाव दिनु भएको थियो।

१) <u>श्री चन्द्रनारायण श्रेष्ठ</u>

उपयुक्त समयमा साधारण सभा सम्पन्न गरेकोमा धन्यवाद दिनु हुँदै कम्पनीले आकर्षित प्रतिफल प्रस्ताव गरेकोले सञ्चालक समिति तथा व्यवस्थापनको प्रशंसा गर्नु भयो । मञ्च व्यवस्थापनका कामहरू सभा हुनु भन्दा एक दिन पहिलेनै गर्न सुझाव दिनु भयो। सञ्चालक समितिका सदस्यहरू धेरै भएकोले घटाउनु पर्ने सुझाव दिनु भयो । वित्तिय तथा विद्युत विक्री आय वढाउन व्यवस्थापनलाई सुझाव दिनु भयो । निर्माणाधिन चिलिमे टावरको लागत अनुमानको बारेमा वार्षिक प्रतिवेदनमा खुलाउन सुझाव दिनु भयो।

२) <u>श्री रोजकुमार श्रेष्ठ</u>

कम्पनीको कार्यसम्पादन राम्रो र सन्तोषजनक भएकोमा सञ्चालक समितिका पदाधिकारी लगायत सम्पूर्ण कर्मचारीहरूलाई धन्यवाद दिंदै आफ्नो छोटो मन्तव्य राख्दै भन्नु भयो विद्युत विक्री ४ प्रतिशतल कमि हुँदा नाफामा १५ प्रतिशतले किन कमी भएको? सान्जेन जलविद्युत कम्पनि लि. मार्फत निर्माण भएको ११ केभि बैकल्पिक लाइनबाट उत्पादन भएको सबै उर्जा शक्ति किन आपुर्ति हुन नसकेको? उल्लेखित बैकल्पिक लाइनको खर्च नेपाल विद्युत प्राधिकरणबाट सोधभर्ना पाइन्छकि पाइदैन? राष्ट्रिय प्रशारण लाइन कहिले वन्छ? सहायक कम्पनी मार्फत निर्माणाधिन जलविद्युत आयोजनाहरूको प्रति मेगावाट लागत उल्लेख भएको देखिएन जस्ता प्रश्नहरू पनि राख्दै आफ्नो मन्तव्य टुङग्याउनु भयो।

३) <u>श्री अमितदास श्रेष्ठ</u>

कम्पनीले आकर्षित प्रतिफल प्रस्ताव गरेकोले सञ्चालक समिति तथा व्यवस्थापनको प्रशंसा गर्नु भयो । प्रतिफलमा एकरूपता हुनु पर्दछ भन्नु भयो। नगद लाभांश छिटो खातामा पठाइदिन अनुरोध गर्नु भयो । आगामी आ.व. मा विद्युत विक्रि आम्दानी बढाउन सुझाव दिनु भयो । प्रशारण लाइन ढिला हुनुको कारण के हो भनी प्रश्न गर्नु भयो । प्रशारण लाइन ढिला हुँदा चिलिमेका सहायक कम्पनीहरूले पनि ढिला प्रतिफल पाउने र सो को असर चिलिमेका शेयरधनिलाइ पनि पर्ने भएकोले यस प्रति शेयरधनिहरूको ठुलो चासो रहने कुरा भन्नु भयो । सधै अर्को आ.व. सम्म आयोजनाहरू सम्पन्न हुन्छन भनिन्छ तर सम्पन्न भएका छैनन् भन्नु भयो । वार्षिक प्रतिवेदन नेपाली भाषामा तयार गर्न सुझाव दिनु भयो।

४) **श्री प्रभात कोइराला**

हाइड्रोपावरको विकासबाट रोजगारी सृजना हुने भएकोले यसको विकास गर्नु पर्छ भन्नु भयो । इन्डक्सन प्रयोग गर्न भनिन्छ तर विद्युत महशुल बढि भएकोले गर्दा कठिन भएको छ त्यसैले विद्युत महशुल घटाउनु पर्ने विचारहरू व्यक्त गर्नु भयो । पेट्रोलियम पदार्थ खरिदमा देशको पैशा धेरै वाहिर गएकोले यसलाई नियन्त्रण गर्ने भनेको नै विद्युत शक्ति हो भन्नु भयो ।

५) **श्री भक्ति प्रसाद उप्रेति**

यस २७औं वार्षिक साधारण सभामा स्वयं उपस्थित हुन नसकेकोले लिखित मन्तब्य तथा सुझाव दिनुभयो । लाभांश दिएकोमा धन्यवाद, कम्पनिले प्रवद्धन गरेका जलविद्युत आयोजनाहरू अन्तिम चरणमा पुगेको, ८७ मेवाको सेतीनदी-३ ज.वि.आ. शुभारम्भ गरेको, कर्पोरेट भवनको निर्माण कार्य अन्तिम चरणमा पुगेको, आयको दायरा फराकिलो पार्न सकेको, संस्थागत सामाजिक दायित्व अन्तर्गत विभिन्न सहयोग पुर्याएकोमा धन्यवाद तथा बधाई दिनु भयो ।

निर्माणाधिन ३ वटै आयोजनाहरू चाँडै सम्पन्न गर्न सर्वोच्च प्राथमिकता दिने, ट्रान्समिसन लाईनको कार्यलाई उच्च प्राथमिकतामा राख्नु पर्ने, ३०६ मे.वा.का ४ वटा आयोजनाहरू चिलिमे कम्पनीलेनै प्रवद्धन गरी अगि बढाउनु पर्ने, जलाशययुक्त प्रकृतिका आयोजनाको पनि संभाब्यता अगि बढाउनु पर्ने, सवै जलविद्युत आयोजना तथा सम्पत्तिको विमा तथा आयको विमा गर्नु पर्ने जस्ता सुझावहरू दिंदै कम्पनीको अवस्था ज्यादै मजवुत हुने र कम्पनी CENTRE OF EXCELLENCE हुने कुरामा विश्वस्त भएको कुरा जानकारी दिनु भयो ।

६) **श्री ध्रुवराज न्यौपाने**

चिलिमे जलविद्युत कम्पनीको कार्यसम्पादन अत्यन्तै राम्रो भएको कुरा भन्नुभयो । १० वर्षमा १० हजार मेगावाट विद्युत शक्ति उत्पादन गर्ने भनेर कागजमा मात्र लेखेर हुँदैन तुरून्तै कार्यान्वयनमा पनि जानु पर्ने भन्नु भयो ।

७) **श्री शत्रुघ्न श्रेष्ठ**

वित्तिय विवरणले देखाएको आंकडाहरू जस्तै खुद नाफा, विद्युत विक्री आम्दानी, प्रतिशेयर प्रतिफल, वित्तिय आम्दानीमा ह्रास आउनुको कारण सोध्नु भयो । वोनश शेयर ५० प्रतिशत दिनु अनुरोध गर्नु भयो । निजि क्षेत्रको मनोवल उच्च राख्दै हाइड्रोपावर सेक्टरको विकास गर्न सुझाव दिनु भयो ।

८) **श्री गणेश पोखरेल**

चिलिमे कम्पनीले शेयरधनिलाइ दिएको प्रतिफल असाध्यै राम्रो छ भन्दै उत्तरोउत्तर प्रगतिको कामना गर्नु भयो । चिलिमे जलविद्युत कम्पनीको अगुवाइमा स्थापना भएका जलविद्युत कम्पनीहरू मार्फत

निर्माणाधिन जलविद्युत आयोजनाहरू तोकिएका समयमा सम्पन्न नहुँदा तत् तत् कम्पनीका शेयरधनी र यस कम्पनीका शेयरधनिले प्रतिफल गुमाइरहनु भएको छ। गत आ.व. मा पनि ती आयोजनाहरू आगामी माघमा आउँछन् भनिएको थियो तर आएनन्। सञ्चालक समितिले यस सम्बन्धमा गंभिर भएर शेयरधनिलाई स्पष्ट जवाफ दिनु पर्ने विचार राख्नु भयो।

९) **श्री सन्दिप श्रेष्ठ**

यस २७औं वार्षिक साधारण सभामा लिखित मन्तब्य दिने अवसर दिनुभएकोमा धन्यवाद दिनु भयो। सदा झैं यस आ.व.मा पनि लाभांश दिनु भएकोमा हर्षित भएको। विभिन्न संघसंस्था एवं गाउँपालिकाहरूमा विभिन्न किसिमले उत्साहप्रद र प्रशंसनिय रूपमा जिन्सी एवं नगद सयोग गरेको। आगामी वर्षमा यस भन्दा बढी प्रतिफल दिन सक्षम होस् भन्दै उत्तरोत्तर प्रगतिको कामना गर्नुभयो।

## ४. प्रबन्ध सञ्चालकको प्रतिउत्तर

साधारण सभामा शेयरधनीले आ-आफ्ना मन्तब्य राख्ने काम समाप्त भएपिछ कम्पनी सचिवले प्रवन्ध सञ्चालक श्री सुभाष कुमार मिश्रलाई सेयरधनीका जिज्ञासाहरूलाई स्पष्ट गरिदिन आग्रह गर्नु भयो।

**प्रबन्ध सञ्चालक श्री सुभाष कुमार मिश्र**

प्रबन्ध सञ्चालक श्री सुभाष कुमार मिश्रले शेयरधनी महानुभावहरूले दिनु भएको मूल्यवान सुझावको लागि धन्यवाद दिनु भयो। साथै उहाँहरूबाट प्राप्त सृजनात्मक सुझावहरूलाई क्रमश लागू गर्दै जाने प्रतिवद्धता पनि ब्यक्त गर्नु भयो। मञ्च व्यवस्थापनमा भएका कमिकमजोरीहरू लाई आगामी वार्षिक साधारण सभामा संवोधन गरिने प्रतवद्धता व्यक्त गर्नु भयो। सञ्चालक सदस्य संख्या घटाउने सम्वन्धमा आगामी साधारण सभामा सम्वोधन गर्न सकिने कुरा व्यक्त गर्नु भयो। आ.व. २०७९/०८० मा डिफर्ड कर, ह्रास खर्च, कर्मचारी खर्च, लगायतका खर्चमा बढोत्तरी नाफा घट्नुको मुख्य कारण रहेको जानकारी गराउनु भयो। प्रतिफलमा एकरूपता राख्नु पर्ने कुरामा व्यवस्थापन सजग रहेको र अध्ययनकोलागि विज्ञको सेवा लिइने कुरा निवेदन गर्नु भयो। ट्रान्समिसन लाइनको क्षमता कम भएको कारण सान्जेन जलविद्युत कम्पनि लि. मार्फत निर्माण भएको ११ केभि बैकल्पिक लाइनबाट उत्पादन भएको सबै उर्जा शक्ति आपुर्ति हुन नसकेको, उल्लेखित बैकल्पिक लाइनको खर्च नेपाल विद्युत प्राधिकरणबाट सोधभर्नाका लागि पहल भै रहेको, र राष्ट्रिय प्रशारण लाइन पनि छिट्टै सम्पन्न हुने क्रममा रहेको ब्यहोरा खुलाउनु भयो। कम्पनिले अगाडि बढाएका बूढी गण्डकी प्रोक जलविद्युत आयोजना, बूढी गण्डकी जलविद्युत आयोजना, चुमचेत स्यारखोला जलविद्युत आयोजना तथा सेतीनदी-३ जलविद्युत आयोजनाका कामहरू विभिन्न चरणमा रहेको जानकारी दिनुभयो।

## ५. प्रस्ताव तथा निर्णयहरुः

विषय सूचि अनुसार निर्णयार्थ पेश भएका निम्न प्रस्तावहरुमा सभाले निम्न बमोजिम निर्णय गर्योः

(१) सञ्चालक समितिको तर्फबाट अध्यक्ष श्री कुलमान घिसिङले प्रस्तुत गर्नुभएको आ.व.२०७९/८० को वार्षिक प्रतिवेदनमा छलफल भई त्यसमा उठेका सुझाव एवं जिज्ञासाका सम्बन्धमा प्रबन्ध सञ्चालकबाट स्पष्ट पारी सकिएकोले उक्त प्रतिवेदन पारित गरियोस् भनी प्रस्ताव गरिएकोमा सभाबाट उक्त प्रतिवेदन सर्वसम्मतिबाट पारित भयो।

(२) लेखापरीक्षकको प्रतिवेदन सहित कम्पनीको २०८० साल आषाढ मसान्तको वासलात र आ.व.२०७९/०८० को नाफा/(नोक्सान) हिसाब, नगद प्रवाह विवरण तथा इक्यूटिमा भएको परिवर्तन सहितको आर्थिक विवरणहरु साधारण सभाको विषय सूचीसंगै शेयरधनीहरुलाई उपलब्ध गराइएको र उक्त वासलात, नाफा नोक्सान हिसाब, नगद प्रवाह विवरण तथा ईक्यूटिमा भएको परिवर्तन सहितको आ.व.२०७९/०८० को आर्थिक विवरण उपर छलफल भई उठेका जिज्ञासाहरुलाई स्पष्ट गर्ने कार्य पनि सकिइसकेकोले उक्त आर्थिक विवरण स्वीकृतार्थ कम्पनी सचिवबाट सभा समक्ष प्रस्ताव गरिएकोमा सभाबाट उक्त आर्थिक विवरणहरु सर्वसम्मतिबाट पारित भयो।

(३) यस कम्पनीमा नेपाल विद्युत प्राधिकरणको ५१ प्रतिशत शेयर लगानी रहेकोले लेखापरीक्षकको नियुक्तिका लागि महालेखापरीक्षकको कार्यालयको परामर्श आवश्यक पर्ने भई महालेखापरीक्षकको कार्यालयसँग परामर्श माग गरिएकोमा तहाँबाट लेखापरीक्षकको नाम सिफारिस भै आउन केही समय लाग्ने भएकोले पछि तहाँबाट सिफारिस भै आउने लेखापरीक्षकलाई नै नियुक्ति गर्न सञ्चालक समितलाई अख्तियारी दिने र आ.व. २०८०/०८१ को लेखपरीक्षण गरे वापत पारिश्रमिक स्वरूप मूल्य अभिबृद्धि कर बाहेक रु.२,८०,०००/- (अक्षरेपी दुई लाख असी हजार मात्र) तोक्न लेखापरीक्षण समितिबाट सिफारिस भै आएको व्यहोरा सभा समक्ष प्रस्ताव गरियो।

कम्पनी सचिवबाट लेखापरीक्षक नियुक्ति तथा पारिश्रमिकको सम्बन्धमा प्रस्ताव हुँदा आ.व. २०८०/०८१ को वाह्य लेखापरीक्षण (External Audit) गर्नका लागि कम्पनीको लेखापरीक्षण समितिको सिफारिस बमोजिम महालेखापरीक्षकको कार्यालयबाट पछि सिफारिस भै आउने लेखापरीक्षक नियुक्ति गर्नका लागि सञ्चालक समितिलाई अख्तियारी दिने र लेखापरीक्षकको पारिश्रमिक स्वरूप मूल्य अभिवृद्धि कर वाहेक रू.२,८०,०००/- (अक्षरेपी दुई लाख असी हजार मात्र) तोक्ने प्रस्ताव सर्वसम्मतबाट पारित भयो।

(४) कम्पनीको आ.व.२०७९/०८० को आर्थिक विवरणमा प्रस्ताव गरिए बमोजिम आ.व. २०७९/०८० असार मसान्तसम्मको सञ्चित मूनाफाबाट साधारण सभा भएको मितिमा शेयरधनी दर्ता किताबमा नाम कायम रहेका सबै शेयरधनीहरुले पाउने गरी चुक्ता पूँजीको ५ (पाँच) प्रतिशत नगद लाभांश रू.३६,२९,०८,९६३/७९ (अक्षरेपी छत्तिस करोड उनान्तिस लाख आठ हजार नौ सय त्रिसठ्ठी र पैसा उनान्असी मात्र) (वोनश सेयर तथा नगद लाभांसमा लाग्ने कर समेत) वितरण गर्न स्वीकृतिको लागि प्रस्ताव गरियो।

प्रस्तुत प्रस्ताव माथि छलफल हुँदा सभामा प्रस्ताव गरिए बमोजिम साधारण सभा भएको मितिमा शेयरधनी दर्ता किताबमा नाम दर्ता रहेका सबै शेयरधनीहरुले पाउने गरी आ.व. २०७९/०८०

असार मसान्तसम्मको सञ्चित मुनाफाबाट चुक्ता पूँजीको ५ (पाँच) प्रतिशतले हुन आउने रकम रू.३६,२९,०८,९६३/७९ (अक्षरेपी छत्तिस करोड उनान्तिस लाख आठ हजार नौ सय त्रिसठ्ठी र पैसा उनान्असी मात्र) नगद लाभांशको रूपमा वितरण गर्ने प्रस्ताव सर्वसम्मतिबाट पारित भयो । नगद लाभांश तथा वोनश सेयर वितरण गर्दा कट्टी गर्नुपर्ने कर नगद लाभांसबाट कट्टी गरी भुक्तानी दिने स्वीकृतिका लागि प्रस्तुत प्रस्ताव पनि सर्वसम्मतिबाट पारित भयो।

(५) विशेष प्रस्तावः

(अ) आ.व. २०७९/०८० असार मसान्तसम्मको सञ्चित मूनाफाबाट शेयरधनीलाई वोनश शेयर वितरण गर्ने प्रयोजनको लागि कम्पनीको अधिकृत पूँजी र जारी पूँजी बृद्धि गर्नु पर्ने लगायतका विषयहरु सम्वन्धित दफाहरुमा संशोधन गर्न प्रस्ताव गरिएको कुरा सभामा जानकारी गराइयो । अतः कम्पनीको प्रबन्ध पत्र र नियमावली संशोधन गर्न बिशेष प्रस्ताव पेश गरिएकोमा कम्पनीको प्रबन्ध पत्र र नियमावलीमा निम्न बमोजिम संशोधन गर्ने सर्वसम्मत निर्णय भयोः

१) कम्पनीको अधिकृत पूँजी बृद्धी गरी कम्पनीको प्रबन्ध पत्रको दफा ५ (क) मा निम्न बमोजिम संशोधन गर्नेः

क. कम्पनीको अधिकृत पूँजी रू.८,००,००,००,०००/- (आठ अर्व) हुनेछ र सो रकमलाई प्रति शेयर रु.१०० (एक सय) दरको ८,००,००,००० (आठ करोड) कित्ता साधारण शेयरमा बिभाजन गरिने छ।

कम्पनीको जारी पूँजी बृद्धी गरी कम्पनीको प्रबन्धपत्रको दफा ५ (ख) मा निम्न बमोजिम संशोधन गर्नेः

ख. कम्पनीको जारी पूँजी रु.७,९९,००,००,००० (सात अर्व उनान्सय करोड) हुनेछ र सो रकमलाई प्रति शेयर रु.१०० (एक सय) दरको ७,९९,००,००० (सात करोड उनान्सय लाख) कित्ता साधारण शेयरमा बिभाजन गरिने छ।

कम्पनीको अधिकृत पूँजी बृद्धी गरी कम्पनीको नियमावलीको नियम ७ (क) मा निम्न बमोजिम संशोधन गर्नेः

क. कम्पनीको अधिकृत पूँजी रू.८,००,००,००,०००/- (आठ अर्व) हुनेछ र सो रकमलाई प्रति शेयर रु.१०० (एक सय) दरको ८,००,००,००० (आठ करोड) कित्ता साधारण शेयरमा बिभाजन गरिने छ।

कम्पनीको जारी पूँजी बृद्धी गरी कम्पनीको नियमावलीको नियम ७ (ख) मा निम्न बमोजिम संशोधन गर्नेः

ख. कम्पनीको जारी पूँजी रु.७,९९,००,००,००० (सात अर्व उनान्सय करोड) हुनेछ र सो रकमलाई प्रति शेयर रु.१०० (एक सय) दरको ७,९९,००,००० (सात करोड उनान्सय लाख) कित्ता साधारण शेयरमा बिभाजन गरिने छ।

उपर्युक्त वमोजिम प्रबन्धपत्र र नियमावलीमा संशोधन गर्ने प्रयोजनको लागि तीन महले सहितको संशोधन तयार गरी कम्पनी रजिष्ट्रारको कार्यालयमा पेश गर्न सञ्चालक समितिलाई अख्तियारी दिने पनि निर्णय भयो।

(आ) कम्पनीको आ.व.२०७९/०८० को आर्थिक विवरणमा प्रस्ताव गरिए बमोजिम आ.व. २०७९/०८० असार मसान्तसम्मको सञ्चित मुनाफाबाट साधारण सभा भएको मितिमा शेयरधनी दर्ता किताबमा नाम कायम रहेका सबै शेयरधनीहरुले पाउने गरी चुक्ता पूँजीको १० (दश) प्रतिशत रकम बरावरको वोनश शेयर वितरण गर्न सिफारिस साथ वार्षिक साधारण सभामा प्रस्ताव प्रस्तुत गर्ने सञ्चालक समितिबाट निर्णय भएको कुरा सभामा जानकारी गराइयो। साथै सञ्चालक समितिबाट सिफारिश भए बमोजिम चुक्ता पूँजीको १० (दश) प्रतिशतले हुन आउने रकम रू.७२,५८,१७,९२७/५९ (अक्षरेपी वहत्तर करोड अन्ठाउन्न लाख सत्र हजार नौ सय सत्ताइस र पैसा उनान्साठ्ठी मात्र) वरावरको वोनश शेयर बितरण गर्ने स्वीकृतिको लागि विशेष प्रस्ताव पेश गरियो।

प्रस्तुत प्रस्ताव उपर छलफल हुँदा प्रस्ताव गरिए बमोजिम साधारण सभा भएको मितिमा शेयरधनी दर्ता किताबमा नाम दर्ता रहेका सबै शेयरधनीहरुले पाउने गरी आ.व. २०७९/०८० असार मसान्तसम्मको सञ्चित मुनाफाबाट चुक्ता पूँजीको १० (दश) प्रतिशतले हुन आउने रकम रू. ७२,५८,१७,९२७/५९ (अक्षरेपी वहत्तर करोड अन्ठाउन्न लाख सत्र हजार नौ सय सत्ताइस र पैसा उनान्साठ्ठी मात्र) बरावरको बोनश शेयर वितरण गर्ने प्रस्ताव सर्वसम्मतिबाट पारित गर्ने निर्णय भयो। साथै बोनश सेयर वितरण गर्दा कट्टी गर्नुपर्ने लाभांश कर नगद लाभांशबाट कट्टी गर्ने पनि निर्णय भयो।

(६) सञ्चालक समितिका सदस्यहरूको सुविधा सम्बन्धमा।

यस कम्पनीका सञ्चालक समितिका सदस्यहरूको प्रति वैठक जनही रू. ७,०००/- र यातायात तथा सञ्चार खर्च वापत मासिक क्रमशः रू. २,५००/- का दरले रू. ५,०००/- दिँदै आइएकोमा सञ्चालक समितको सिफारिस अनुसार प्रति बैठक भत्ता रू. ७ हजारको सट्टा रू. ९ हजार साथै रू. २ हजार ५ सयको सट्टा रू. ५,०००/- का दरले हुन आउने मासिक रू. १०,०००/- (अक्षरेपी दश हजार मात्र) दिने स्वीकृतिका लागि प्रस्ताब गरिएको।

प्रस्तुत प्रस्ताव उपर छलफल हुँदा सञ्चालक समितिको बैठकमा उपस्थित भै निर्णय प्रकृयामा भाग लिए वापत प्रति बैठक जनही रू. ९,००० (अक्षरेपी कर समेत नौ हजार) र मासिक यातायात खर्च वापत रू. ५,०००/- र सञ्चार सुविधा वापत रू. ५,०००/- समेत कुल रू. १०,०००/- (अक्षरेपी कर समेत दश हजार) दिने स्वीकृतिको प्रस्ताव सर्वसम्मतबाट पारित भयो।

(७) कम्पनी ऐन, २०६३ को व्यवस्था बमोजिम दुई जना स्वतन्त्र सञ्चालक नियुक्तिका लागि उपयुक्त व्यक्तिको खोज्ने कार्य भै रहेता पनि समयाभावको कारण सिफारिस गर्न नसकिएको र खोजी कार्य जारी रहेको व्यहोरा सभासमक्ष जानकारी गराइयो।

प्रस्तुत प्रस्ताव उपर छलफल हुँदा उपयुक्त व्यक्तिको खोजी गर्न सञ्चालक समितिलाई निर्देशन दिने निर्णय सर्वसम्मतबाट पारित भयो।

(८) सर्वसाधारण समूह ख बाट प्रतिनिधित्व गर्ने एक जना महिला सहित चार जना सञ्चालकको निर्वाचन सम्बन्धमा समेत प्रस्ताव रहेकोमा निर्वाचनका लागि सञ्चालक समितिबाट नियुक्ति भएका निर्वाचन अधिकृत अधिवक्त श्री सन्जिब कुमार लामालाई माइक हस्तान्तरण गरी नियमित वार्षिक साधारण सभाका कामकाराहीहरू सम्पन्न गरियो।

(९) विविध अन्तर्गत कुनै प्रस्ताव नभएकोले छलफल तथा निर्णय भएन।

## ६. साधारण सभाको समापन:

सभाका अध्यक्षले शेयरधनी महानुभावले रचनात्मक सुझाव र सल्लाह दिई कम्पनीलाई मार्गदर्शन गरिदिनु भएकोमा धन्यवाद दिंदै शेयरधनीको सल्लाह र सुझाव अनुसार कम्पनीले आफ्नो कार्यमा क्रमशः सुधार गर्दै लैजाने विश्वास दिलाउनुका साथै सभामा उपस्थित भई सभा सुचारु रुपले सम्पन्न गर्न सहयोग गरिदिनु भएकोमा पुनः सवैलाई धन्यवाद दिंदै सभा समापन भएको घोषणा गर्नुभयो।

(नारायण प्रसाद आचार्य)
कम्पनी सचिव

(कुलमान घिसिङ)
अध्यक्ष

प्रबन्ध पत्रको दफा ५ र नियमावलीको दफा ७ मा संशोधन

| भइरहेको व्यवस्था | संशोधित व्यवस्था |
|---|---|
| (क) कम्पनीको अधिकृत पूँजी रू.७,५०,००,००,०००/– (सात अर्व पचास करोड) हुनेछ । उक्त रकमलाई प्रति शेयर रू.१००/– (एक सय) दरको ७,५०,००,००० (सात करोड पचास लाख) कित्ता शेयरमा विभाजन गरिएको छ। | (क) कम्पनीको अधिकृत पूँजी रू.८,००,००,००,०००/– (आठ अर्व) हुनेछ। उक्त रकमलाई प्रति शेयर रू.१००/– (एक सय) दरको ८,००,००,००० (आठ करोड ) कित्ता शेयरमा विभाजन गरिएको छ। |
| (ख) कम्पनीको जारी पूँजी रू.७,२५,८१,७९,२७६/– (सात अर्व पच्चीस करोड एकासी लाख उनासी हजार दुई सय छयहत्तर) हुनेछ उक्त रकमलाई प्रति शेयर रू.१००/– (एक सय) दरको ७,२५,८१,७९२ (सात करोड पच्चीस लाख एकासी हजार सात सय बयानब्बे) कित्ता शेयरमा विभाजन गरिएको छ। | (ख) कम्पनीको जारी पूँजी रू.७,९९,००,००,०००/– (सात अर्व उनान्सय करोड) हुनेछ। उक्त रकमलाई प्रति शेयर रू.१००/– (एक सय) दरको ७,९९,००,००० (सात करोड उनान्सय लाख) कित्ता शेयरमा विभाजन गरिएको छ। |